नेपाल सरकार
## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
### शैक्षिक प्रोत्साहन वृत्ति व्यवस्थापन समितिको सचिवालयको
### निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्तिको लागि आवेदन दिने सम्बन्धी
## अत्यन्त जरुरी सूचना
### प्रकाशित मिति : २०७९।०१।१२

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आर्थिक वर्ष २०७८/७९ को स्वीकृत बार्षिक कार्यक्रमको अधीनमा रही नेपाल सरकार, मन्त्रीपरिषद्बाट स्वीकृत **"निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने सम्बन्धी निर्देशिका,२०७८"** बमोजिम स्वदेशी विश्वविद्यालय वा त्यस्तो विश्वविद्यालयको आङ्गिक वा सम्बन्धन प्राप्त शिक्षण संस्थामा कुनै विषयमा स्नातक वा सो सरहको तहमा प्रथम वर्ष वा पहिलो वा दोश्रो सेमेस्टरमा भर्ना भई अध्ययन गरिरहेका निजामती सेवा ऐन, २०४९, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा व्यवस्थापिका-संसद् सचिवालय सम्बन्धी ऐन, २०६४ बमोजिमको सेवाको पदमा बहाल रहेको स्थायी कर्मचारी, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम सरकारी सेवाबाट प्रदेश र स्थानीय तहमा समायोजन भएका निजामती कर्मचारी, निजामती सेवाको पदबाट निवृत्तिभरण पाउने अवधि पूरा भई अवकाश भएको वा निजामती सेवाबाट संवैधानिक निकायको पद वा न्यायाधीशको पदमा नियुक्ति भई बहाल रहेको त्यस्तो पदाधिकारी वा न्यायधीशका देहायको योग्यता भएका ईच्छुक सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति प्रदान गरिने भएकोले देहाय बमोजिमका कागजात तथा अन्य विवरणहरु संलग्न गरी सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र **शैक्षिक प्रोत्साहन वृत्ति व्यवस्थापन समितिको** सचिवालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवारमा आइपुग्ने गरी santati.mofaga.gov.np मार्फत अनलाइन दरखास्त **(Online Application)** निर्देशिकाको अनुसूची १ बमोजिमको ढाँचामा पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिल:</u>

**(१) शैक्षिक प्रोत्साहन वृत्तिको लागि आवश्यक योग्यता:**

(क) दश जोड दुई वा सो सरहको परीक्षामा कम्तीमा C+ ग्रेड वा GPA २.४ वा सो सरह अङ्क प्राप्त गरी उत्तीर्ण भएको,

(ख) स्वदेशी विश्वविद्यालय वा त्यस्तो विश्वविद्यालयको आङ्गिक वा सम्बन्धन प्राप्त स्वदेशी शिक्षण संस्थामा भर्ना भई स्नातक वा सो सरह तहको प्रथम वर्ष वा पहिलो वा दोश्रो सेमेस्टरमा भर्ना भई अध्ययन गरिरहेको,

(ग) पच्चीस वर्ष उमेर पूरा नभएको,

(घ) निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा अन्य सार्वजनिक सेवाको पदमा स्थायी नियुक्ति नभएको।

**(२) आवेदनसाथ देहाय बमोजिमका कागजातहरुको सक्कलको Scan Copy अनिवार्य रुपमा Upload गर्नुपर्ने छः**

(क) नागरिकता प्रमाणपत्र (हालको स्थायी ठेगाना फरक भएमा बसाइसराई प्रमाणपत्र समेत),

(ख) प्रवेशिका (SLC/SEE) र १०+२ को शैक्षिक प्रमाणपत्रहरु (लव्धाङ्क पत्र/ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र),

(ग) अभिभावक कर्मचारी कार्यरत रहेको **कार्यालयको सिफारिशपत्र (<u>www.mofaga.gov.np</u> मा उपलब्ध भए बमोजिमको ढाँचामा)** तथा सेवा निबृत्त भएका कर्मचारीको हकमा **निबृत्तिभरण प्रमाणपत्र** र अवकाश पत्र,

(घ) सामुदायिक वा सरकारी उच्च मा.वि.बाट उच्च माध्यमिक शिक्षा वा सो सरहको परिक्षा उत्तिर्ण गरेकोमा राष्ट्रिय परीक्षा बोर्ड वा सो अन्तर्गतको कार्यालयले सम्वन्धित शिक्षण संस्था सामुदायिक वा सरकारी हो भनी गरेको **सिफारिशपत्र,**

(ङ) अध्ययनरत शिक्षण संस्था (कलेज/क्याम्पस) को **सिफारिशपत्र (www.mofaga.gov.np मा उपलव्ध भए बमोजिमको ढाँचामा),**

(च) सरकारी कामकाजको सिलसिलामा मृत्यु भएका कर्मचारीको सन्ततिको हकमा सम्वन्धित जिल्ला प्रशासन कार्यालयको प्रमाणित पत्र वा घटना पुष्टि हुने सरकारी कागजात,

(छ) समावेशी प्रमाणित गर्ने कागजात,

(ज) नागरिकतावाट अभिभावक कर्मचारी र सन्तति विद्यार्थीको नाता खुल्न नसकेको खण्डमा नाता प्रमाणित प्रमाणपत्र,

(झ) बहालवाला कर्मचारीको हकमा परिचयपत्रको प्रतिलिपि,

(ञ) अभिभावक कर्मचारी र अध्ययनरत सन्ततिको हालसालै खिचेको पासपोर्ट साइजको फोटो।

(३) निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउँदा निर्देशिकाको दफा ८ बमोजिम प्राप्त हुने आवेदनका आधारमा प्रादेशिक सन्तुलन कायम हुने गरी शैक्षिक प्रोत्साहन वृत्ति प्रदान गरिने विषय, संख्या, अवधि र रकम तथा दफा ६ बमोजिमको समावेशी कोटा निर्धारण गरिनेछ ।

थप जानकारीको लागि
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**कर्मचारी कल्याण शाखा**
**सिंहदरवार, काठमाडौं।**
**फोनः ४२००३०९**
ईमेलः **emp.welfare.section@mofaga.gov.np**
**www.mofaga.gov.np**
santati.mofaga.gov.np